'अब क्यान्सर उपचारका लागि विदेश जानु पर्दैन'

काठमाडौं(जस)-अब नेपालीले क्यान्सर उपचारका लागि विदेशका अस्पताल धाउनु नपर्ने भएको छ। स्वदेशमा नै गुणस्तरीय क्यान्सर उपचार सेवा दिने ध्येयले झापाको बिर्तामोडमा स्थापित 'पूर्वाञ्चल क्यान्सर अस्पताल' पूर्णरुपमा सञ्चालनमा आएसँगै क्यान्सर उपचारका क्षेत्रमा ऐतिहासिक सफलता मिलेको हो। यसका लागि आधुनिक भौतिक पूर्वाधार, आवश्यक उपकरण तथा जनशक्ति अस्पतालमा रहेको छ। बीएण्डसी अस्पताल परिसरमा रु ६०० करोडको लगानीमा क्यान्सर उपचार सेवाका लागि आवश्यक आधुनिक पूर्वाधार तयार भएको हो। निजी क्षेत्रबाट सञ्चालित सबैभन्दा ठूलो सो क्यान्सर अस्पताल रहेको दावी गरिएको छ। अस्पतालका कार्यकारी निर्देशक दुर्गा प्रसाईंले राससँग भने, "अब क्यान्सर उपचारका लागि विदेश धाउनु पर्दैन। पूर्वाञ्चल क्यान्सर अस्पतालमा गुणस्तरीय सेवा र सुलभरुपमा उपलब्ध गराइरहेका छौं।"

तीन सय शय्याको स्वीकृति पाएको सो अस्पतालमा क्यान्सर उपचारका आगि आवश्यक रेडियो थेरापी, केमो थेरापी, सर्जरीलगायत सम्पूर्ण सेवा उपलब्ध रहेको उनले जानकारी दिए। गत वर्षदेखि नै उपचार सेवा सञ्चालनमा ल्याएको सो अस्पतालले एक वर्षका अवधिमा २६ हजारभन्दा बढीका बिरामीलाई ओपिडी सेवा प्रदान गरेको छ। अस्पतालमा पेट स्क्यान, एमआरआइ, सिटी स्क्यानलगायत अत्याधुनिक उपकरण सञ्चालनमा रहेका अस्पतालका जनसम्पर्क अधिकृत प्रमिश गिरीले जानकारी दिए। प्रधानमन्त्री केपी शर्मा ओलीले मङ्गलबार नवनिर्मित अस्पताल भवनको उद्घाटन गर्नुहुने कार्यक्रम रहेको उनले बताए। कार्यक्रममा वरिष्ठ अभिनेत्री मनिषा कोइराला, वरिष्ठ कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य पनि सहभागिता रहने जनाइएको छ।

"यो क्यान्सर उपचारका लागि सेवा दिने अवसर हो, सेवामा केही कमी रहँदैन। उपकरण उही हो, ज्ञान उही हो। अमेरिका तथा भारत गए पनि पाउने सुविधा यही हो।" अस्पतालका कार्यकारी निर्देशक प्रसाईंले भने।

'मुस्कुराउँछ नयाँ जीवन...' भन्ने नाराका साथ गत वर्षदेखि सो अस्पतालले आफ्नो सेवा थालनी गरेको थियो। यसबाट पूर्वाञ्चल क्षेत्रलगायत नेपालबाट क्यान्सर पहिचान तथा उपचार गर्न भारत तथा अन्यत्र देश जानुपर्ने अवस्थासमेत अन्त्य भएका बताइएको छ। ब्रेची थेरापी, पेट सिटी, गामा क्यामेरा, फोर डि पेटसिटी सिमुलेटर, म्यामोग्राम, ब्रेन ल्याब, न्युरो नेभिगेसन सिष्टम, क्याथ ल्याब, डेक्सा स्क्यानको सेवा बिरामीले पाइरहेका छन्। पाठेघरको मुखको क्यान्सर उपचारमा ब्रेची थेरापी र स्तन क्यान्सरमा म्यामोग्राम अचुक उपकरण मानिन्छ। शरीरभित्रमा ट्युमरका क्यान्सरका सेल पहिचान गर्न क्याथल्याब उपकरणको सहायता लिइने गरिन्छ। 'पेट सिटीलाई आई अफ अङ्कलोजी' भन्ने गरिन्छ।

यो उपकरण काठमाडौं उपत्यका बाहिर पहिलोपटक अस्पतालले सञ्चालमा ल्याएको छ। सरकारले हालसम्म आफ्ना अस्पतालबाट पेट सिटी सेवा उपलब्ध गराउन सकेको छैन। यसले क्यान्सर रोग पहिचान र उपचार गर्न कोशेढुङ्गाका रुपमा काम गर्छ। अमेरिका र जर्मनीमा बनेका ती केही उपकरणलाई हालसम्म नेपालका कुनै अस्पतालले सञ्चालनमा ल्याउन सकेका छैनन्। उपकरणको मूल्यमात्र करिब एक अर्बभन्दा माथि खर्च भएका जनाइएको छ। "क्यान्सरको उपचार नपाएर कोही अकालमा मृत्यु हुन नपरोस् भन्नका लागि अस्पताल बनाउने सपना देखेको हुँ। करिब ३०० शय्याको अस्पताल सञ्चालमा आउने छ। झापालाई 'मेडिकल हब' बनाउने मेरो सपना छ।" उन भने। भारतमा उनले केही वर्ष अगाडि घाँटीको क्यान्सरको उपचार गराएका थिए। "मेरो पीडाजस्तो अरुले खेप्न नपरोस्। समयमा उपचार पाएर पो म कालको मुखबाट बाँचे नत्र। यसपछि सबै कुरा त्यागेर देशलाई क्यान्सर मुक्त बनाउने अभियानको आधार तयार गर्न दृढताले लागें", उहाँले आफ्ना भोगाइ सुनाए। पछिल्लो समय मेदान्त तथा राजीवगान्धी क्यान्सर अस्पतालका बिरामीमध्ये तेस्रो सङ्ख्यायामा नेपाली हुने गरेको बताइन्छ। नेपालबाट ती दुई अस्पतालमा मात्र बर्सेनि कति नेपाली क्यान्सर उपचारमा जान्छन् भन्ने तथ्याङ्क छैन। जनस्वास्थ्य स्वास्थ्य कार्यालय झापाबाट गत वर्षमात्र ४०० क्यान्सर रोगीले सिफारिस लिएका थिए। नेपालमा बर्सेनि विभिन्न प्रकारका क्यान्सरबाट मात्र १५ हजारभन्दा बढीको अकालमा मृत्यु हुने प्रक्षेपण विश्व स्वास्थ्य सङ्गठनले गरेको छ। क्यान्सर पहिचान भई उपचारबाट ३० प्रतिमात्र जोगिएका छन्। सत्तरी प्रतिशतको अकालमा मृत्यु हुने गर्दछ। विकसित देशमा यो अवस्था ठीक उल्टो रहेको छ।

मुटु प्रत्यारोपणको तयारी

कार्यकारी निर्देशक प्रसाईंले बीएण्डसी अस्पतालमा मुटु तथा मिर्गौला प्रत्यारोपणका लागि तयारी भइरहेको जानकारी दिए। उनका अनुसार मुटु उपचार सेवाका लागि 'क्याथ ल्याब' सञ्चालनमा आइसकेको छ। पूर्वाञ्चलमा पहिलोपटक रु ५० करोडको लगानीमा सो ल्याब सञ्चालनमा ल्याइएको जनाइएको छ। अस्पतालले मिर्गौला रोगीका लागि उपचार तथा डायलाइसिस सेवा प्रदान गरिरहेको छ। बीएण्डसी अस्पतालका निर्देशक प्रा डा उमेश शर्माले पूर्वाञ्चल क्यान्सर अस्पतालमा क्यान्सर उपचारका लागि आवश्यक सबै प्रकारका सेवा उपलब्ध रहेको जानकारी दिए। उनले भने, "क्यान्सर उपचारका लागि विदेश जानुपर्दैन।"

किसानले एपमार्फत कृषि उपजको जानकारी लिँदै

काभ्रेपलाञ्चोक(जस)-नमोबुद्ध नगरपालिकाका किसानले अब मोबाइल एपमार्फत कृषि उत्पादन तथा बजारसम्बन्धी जानकारी पनि पाउने भएका छन्। यसका लागि नगरलाई गैरसरकारी संस्थासमेतले 'जीओ कृषि एप' सहयोग गरेका छन्। नगरपालिका, इसिमोड, सिप्रेड र पाथबेको सहकार्यमा डिजिटल कृषि सूचना केन्द्र, सरल कृषि विस्तार सेवा (जिओ कृषि एप) हस्तान्तरण भएसँगै अब किसानले प्रविधिको प्रयोग गर्दै कृषि व्यवसायलाई थप व्यवस्थित र उत्पादनमूलक बनाउन सक्ने भएका हुन्। नगर प्रमुख टिपी शर्मा तिमल्सिनाले प्राप्त सेवालाई ११ वटै वडाका लागि सेवा हस्तान्तरण गरेका छन्। उनका अनुसार यो सेवा शुरु भएसँगै 'डिजिटल नमोबुद्ध' अभियान नै एक कदम अघिबढेको छ।

सो सेवाबाट नमोबुद्धका किसानले आफूले कुन समयमा कुन बाली लगाउने भन्नेबारे मोबाइल एपमार्फत नै जानकारी पाउनेछन् भने दैनिकरुपमा बजारभाउको जानकारी पनि दिन सक्नेछन्। यस्तै बाली लगाउने क्रममा कुनै समस्या आए त्यसको समाधान गर्न रोग कीरा देखापरेमा त्यसलाई नियन्त्रण गर्ने उपायसमेत मोबाइलमार्फत नै किसानले जानकारी पाउनेछन्। "किसानलाई मोबाइल एपमै विज्ञबाट सेवा उपलब्ध गराइनेछ", नगरप्रमुख तिमल्सिनाले भने। एपमा किसानदेखि प्राविधिक र बजारसम्म समेटिएको जिओ कृषि इन्क्युबेसन सेन्टरका कार्यक्रम निर्देशक रादिप तण्डुकारले जानकारी दिए। उनका अनुसार किसानले कहाँ, कसरी के रोप्ने र कसरी बिक्री गर्ने भन्नेबारे सबै जानकारी एपमार्फत नै पाउनेछन्।

"बाली रोपाईदेखि कटाइसम्मका हरेक पक्षलाई एपमा समेटिएको छ", तण्डुकारले भने। उनका अनुसार यसले किसानलाई कुन समयमा के बाली लगाउने र बजारको खोजी कसरी गर्ने भन्ने समस्याबाट मुक्ति दिलाउनेछ। इसिमोडकी इकोसिष्टम एनालिष्ट इरिका उदासले किसानले यो एप प्रयोग गर्दा धेरै खर्च बेहोर्नु नपर्ने बताए। उनले भने, "एक सय रुपैयाँ खर्च गर्दा वर्षभरि एप चलाउन सकिनेछ।" उनका अनुसार किसानलाई सहज र सुलभ होस् भन्ने उद्देश्यले एपलाई 'अफलाइन' मै चल्नसक्ने व्यवस्था गरिएको छ। सूचनामा किसानको पहुँच आवश्यक रहेको कुरालाई मध्यजनर गर्दै आफूहरुले जिओ कृषिको अवधारणा ल्याएको उदासले बताए।

इसिमोड र सिप्रेडले पाथबेसँगको सहकार्यमा नगरपालिकामा पहिलो पटक यो सेवा शुरु गरिएको हो। एपको सेवाबाट राम्रो मूल्यमा किसानले आफ्ना उत्पादन बिक्रीवितरण गर्नसक्ने अपेक्षा गरिएको छ। नगरप्रमुख तिमल्सिनाले आफूहरु निर्वाचित भएपछि डिजिटल नमोबुद्धको अवधारणा अघि सारिएको र अब कृषिमा समेत प्रविधिको प्रयोगले त्यसमा थप मद्दत पुगेको बताए। नगरमा यसअघि नै शिक्षा क्षेत्रमा यु लर्निङ, टकिङ टिचरलगायतका कार्यक्रममार्फत डिजिटल नमोबुद्धको अवधारणालाई अघि बढाइएको थियो। कृषि र वातावरणमैत्री नगर बनाउने आफूहरुको अभियान रहेको र वातावरणमैत्री नगरको योजनालाई विभिन्न कार्यक्रममार्फत मूर्तरुप दिइएको तिमल्सिनाले जनाए। उनले जिओ कृषि एपमार्फत किसानले बढीभन्दा बढी फाइदा लिनसक्ने र नगरले यसको सञ्चालन तथा व्यवस्थापनमा विशेष ध्यान दिनेसमेत बताए।

यो एप परीक्षणकै क्रममा नमोबुद्ध नगरका ३६५ किसान आबद्ध भइसकेका छन्। "बडास्तरबाटै क्रमैसँग थप किसानलाई आबद्ध गर्दै लगिनेछ", नगरपालिकाका प्रवक्ता सञ्जीव ढकालले भने। उनका अनुसार यसप्रति किसानको आकर्षण बढिरहेको छ। एपमा नमोबुद्ध नगर क्षेत्रभित्र लगाइने २० बालीलाई प्राथमिकताका साथ राखिएको छ भने अन्य बालीलाई पनि समेट्दै लगिने जनाइएको छ। परीक्षणकै क्रममा यो एप प्रयोग गरिरहेका स्थानीय अगुवा किसान भरत न्यौपानेले आफूहरुका लागि एप निकै उपयोगी र आवश्यक रहेको बताए। उनले एपमार्फत नै आफूहरुलाई कृषि उत्पादनका लागि आवश्यक जानकारी पाउनुका साथै उत्पादित कृषि उपजको बजारको खोजी गर्न सहज भएको सुनाए।

कालीगण्डकी करिडोर खण्डमा कालोपत्रको काम शुरु

पर्वत(जस)-दुई छिमेकी मुलुक भारत र चीन जोड्ने सबैभन्दा छोटो राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरअन्तर्गत पर्वत खण्डमा कालोपत्र तथा स्तरोन्नतिको काम शुरु भएको छ। पर्वत खण्डअन्तर्गत रानीपानी-कुर्घा फलेबास खण्डको २३ किलोमिटर सडक कालोपत्र गर्ने कार्य आइतबारदेखि प्रारम्भ गरिएको हो। धार्मिक एवं पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिएको कालीगण्डकी करिडोरअन्तर्गतको यो खण्ड आगामी दुई वर्षभित्रमा कालोपत्र हुनेभएको छ। आयोजनाको नियमित कामका लागि सहजीकरण भएमा र आवश्यक निर्माण सामग्रीको अभाव नभएमा ढिलासुस्ती नहुने कालीगण्डकी करिडोर आयोजनाका प्रमुख सुबोध देवकोटाले जानकारी दिए। पर्वतको बिहादी गाउँपालिका-३ रानीपानीदेखि फलेबास नगरपालिकाको ढिकसम्मको खण्डका लागि आवश्यक बहुवर्षीय ठेक्काअन्तर्गत रु एक अर्ब २३ करोड बजेट विनियोजन भएको हो। बजेट विनियोजनसँगै बहुवर्षीय ठेक्काका लागिसमेत अर्थमन्त्रालयले स्वीकृत दिएपछि सडक कालोपत्रको काम शुरु हुन लागेको हो। सबै प्रक्रिया पुगेकाले अबको दुई सातापछि सडक कालोपत्रको काम तीव्र गतिमा हुने आयोजना प्रमुख देवकोटाले जानकारी दिए। कालीगण्डकी करिडोरको पर्वत खण्डको महत्वपूर्ण मानिएको रानीपानी-कुर्घा खण्डको ठेक्का निश्चित भएपछि बिहादी र फलेबासका स्थानीयबासीसमेत हर्षित बनेका छन्।

यसैबीच पर्वतको फलेबास-६ देवीस्थानको ढिकमा आइतबार आयोजित एक कार्यक्रमकाबीच आयोजनाको शिलान्यास गरिएको हो। कालोपत्र कार्यको राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले शिलान्यास गरेका छन्। सो अवसरमा उनले आफूले निर्वाचनअघि गरेका वाचा पूरा हुँदै गएको बताए। उनले अब पर्वत जिल्ला सडक सञ्जालले समृद्ध बनेको उल्लेख गर्दै कुनै पनि पालिका र वडामा जाँदा कच्ची बाटोमा हिंड्नुपर्ने अवस्थाको अन्त्य गरिने बताए। पर्वत जिल्लाको मात्र नभएर राष्ट्रिय महत्वको आयोजना भएकाले समयमै काम सम्पन्न गर्न उनले आयोजनालाई निर्देशनसमेत दिएका हुन्। अर्को प्रसङ्गमा अध्यक्ष तिमिल्सिनाले मुलुक समृद्धिको दिशामा अघि बढिरहेका बेला बहुमतको सरकारलाई काम गर्न नदिइएकोप्रति असन्तुष्टि व्यक्त गरे। उनले दलहरुले मिलेर अघि बढ्नुपर्ने उल्लेख गर्दै व्यक्तिगत स्वार्थ र लाभका लागि कल, झगडा गर्न नहुने बताए। उनले जनताको विश्वासमाथि घात गर्नेहरुलाई खबरदारी गर्नुपर्नेमा जोड दिए। कार्यक्रममा सांसद पदम गिरीले पर्वत जिल्लाको विकास निर्माणले दिन दोगुना रात चौगुना फड्को मार्दै गएको बताए।

सिनो हाइड्रो र मजदुरबीच सहमतिपछि काम शुरु

दमौली(जस)-ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको प्याकेज-२ अन्तर्गतको निर्माण कम्पनी सिनो हाइड्रो कर्पोरेशन र मजदुरबीच भएको विवाद समाधान भएको छ। सिनो हाइड्रो र नेपाली मजदुरबीच शुक्रबारदेखि विवाद हुँदा मजदुर आन्दोलनमा उत्रिएपछि दुई दिनदेखि काम अवरुद्ध भएको थियो। शुक्रबार राति विद्युत्गृहमा चालक पुष्कर थापाले स्काभेटर सफा गर्ने क्रममा पानी उछिट्टिँदा चिनियाँ व्यक्ति भिजेपछि त्यसको प्रतिशोधमा चिनियाँ व्यक्तिले ढुङ्गा प्रहार गरेका थिए। ढुङ्गा प्रहारबाट स्काभेटरको सिसा फुटेपछि सिनो हाइड्रो र मजदुरबीच विवाद हुँदा मजदुर आन्दोलनमा उत्रिएका थिए। आइतबार सिनो र मजदुरबीच भएको छलफलपछि विवाद समाधान भएको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख अच्युत घिमिरेले जानकारी दिए। उनका अनुसार स्काभेटरमा ढुङ्गा प्रहार गर्ने व्यक्तिलाई कारवाही गर्ने, मजदुरको मागबमोजिम जिल्ला दररेट समितिले निर्धारण गरेको पारिश्रमिक उपलब्ध गराउने निर्णय भएको छ। "मजदुर हरुले राखेका अन्य माग पनि क्रमिकरूपमा पूरा गर्दै जाने सिनो र मजदुरबीच सहमति भएको छ," घिमिरेले भने, "उक्त सहमतिसँगै सोमबारदेखि मजदुर काममा फर्कन सहमत भएका छन्।" आयोजनाको प्याकेज-१ का लागि निर्माण कम्पनीसँग पनि सम्झौताको तयारी गरिएको छ। पहिलो प्याकेजअन्तर्गतका कामका लागि तीन वटा कम्पनीको बोलपत्र परेकामा एशियाली विकास बैंकले सोड्दा भियतनाम/कालिका जेभीलाई छनोटको स्वीकृति दिएपछि उक्त कम्पनीसँग सम्झौताको तयारी गरिएको आयोजनाले जनाएको छ। पहिलो प्याकेजअन्तर्गतका कामका लागि लार्सन एण्ड टर्बो इण्डिया, चाइना गेजुवा कम्पनी र सोड्दा भियतनाम/कालिका जेभीले बोलपत्र पेश गरेका थिए। पहिलो प्याकेजअन्तर्गत १४० मिटर अग्लो कङ्क्रिट बाँध, नदी फर्काउने दुईवटा सुरुङ, अस्थायी बाँधलगायतका संरचना निर्माण गरिनेछ। कम्पनीले यसअघि पहिलो प्याकेजका लागि सिएमसीसँग ठेक्का रद्द गरेर पुनः बोलपत्र आह्वान गरेको थियो। प्याकेज-२ अन्तर्गत सिनो हाइड्रो कर्पोरेशन लिमिटेडले काम गरिरहेको छ। प्याकेज-२ अन्तर्गत सिनोले सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रो तथा इलेक्ट्रो मेकानिकल उपकरण आपूर्ति जडानको ठेक्का पाएको छ। त्यस्तै प्याकेज-३ अन्तर्गत प्रसारण लाइन निर्माणका लागि रु तीन करोड खर्च भएको छ। प्रसारण लाइन निर्माणका लागि भारतको केइसी इन्टरनेशनल लिमिटेडले ठेक्का पाएको छ। आयोजनाले प्रसारण लाइन निर्माणका लागि साढे २३ रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने भएकाले त्यसको प्रक्रियालाई समेत अगाडि बढाइसकेको छ। टावर राख्नका लागि ५३ व्यक्तिको जग्गा अधिग्रहण गर्नुपर्नेछ। आयोजनाको प्रसारण लाइन निर्माणका क्रममा टावर राख्नका लागि साढे २३ रोपनी जग्गा अधिग्रहण गरिनेछ भने तार तान्नका लागि २१ हेक्टर क्षेत्रफललाई क्षतिपूर्ति दिइनेछ।

दमौलीदेखि भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणको ठेक्का भारतीय कम्पनी केइसीले पाएको छ। चालू आर्थिक वर्षमा प्रसारण लाइनका लागि ३० वटा टावर निर्माण गरिनेछ। आयोजनाका लागि १४० मिटर बाँध, एक हजार १६२ मिटर र ७४ मिटरको मुख्य सुरुङ, ८९ मिटर लम्बाइ, २२ मिटर चौडाइ र ४४ मिटर उचाइ भएको भूमिगत विद्युत्गृह निर्माण गरिनेछ। खुद उचाइ १२१ मिटर रहने आयोजनाबाट सुक्खायामा १७८.९० मेगावाट र वर्षायाममा ३२३.६८ मेगावाट ऊर्जा उत्पादन हुनेछ। आयोजनाको कुल लागत ५० करोड ५० लाख अमेरिकी डलर (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) रहेको छ। जाइकाले दोस्रो प्याकेज अन्तर्गतका कामका लागि रु १८४ मिलियन डलर बेहोर्ने छ।

मनाङमा ३३ केभीको प्रसारण लाइन

मनाङ : हिमालपारिको जिल्ला मनाङमा पहिलोपटक ३३ केभीको केन्द्रीय प्रशारण लाइन पुगेको छ। यहाँको मौसम र वातावरण अनुकूल नभएपछि केन्द्रीय प्रशारण लाइनमा विद्युतीय तरङ्ग चार्ज नहुने समस्या आएको थियो। यसपटक भने फाइबर इन्सुलेटरबाट विद्युत् चार्ज गरिएसँगै जिल्लामा पहिलोपटक केन्द्रीय प्रशारण लाइन जोडिएको हो। नेपाल विद्युत् प्राधिकरण मनाङ वितरण केन्द्रका प्रमुख मिलन सुवेदीका अनुसार जिल्लामा केन्द्रीय प्रसारण जडान गर्न निकै कठिनाइ भएको थियो। सीमित जनशक्ति, भौगोलिक विकटता अत्यधिक चिसोजस्ता प्रतिकूल समस्या भए पनि पटकपटकको प्रयासपछि भारतबाट फाइबर इन्सुलेटर झिकाएर जडान गरेपछि सफल भएको केन्द्रका प्रमुख सुवेदीले बताए। उनका अनुसार जिल्लामा कार्यालय स्थापना भएको १८ महीनामा नै केन्द्रीय प्रसारण जडान जडान हुन सकेको छ।

दशकौंदेखि लघुजलविद्युत्को भरमा दैनिकी चलाउँदै आएका मनाङवासीले केन्द्रीय लाइनको विस्तारसँगै आधुनिक प्रविधिका उपरकणसँग समेत जोडिने विश्वास लिएको वितरण केन्द्रका प्रशासन शाखा प्रमुख गुप्त राना बताउँछन्। उनका अनुसार यो केन्द्रीय प्रशारण लाइन लमजुङको उदीपुर सब-इस्टेसनबाट राँधी हाइड्रोसँग जोडी मनाङको चामे गाउँपालिका-१ स्यार्कुको सबस्टेसनमा जोडिएको हो। विस २०५१ देखि यस जिल्लालाई केन्द्रीय प्रसारण लाइनमा जोड्न खोजिए पनि राजनीतिक उतारचडाव, भौगोलिक विकटता, आवश्यक सामग्रीको अभावका कारण अधुरो रहेको थियो। तत्कालीन समयमा यस जिल्लाबाट मन्त्री समेत हुनु भएका पाल्तेन गुरुङले जिल्लालाई सडक र विद्युत्को पहुँच पुऱ्याउन आफूले शुरुआत गरेको र सोमबार आफ्नो सपना पूरा भएको बताए। सडकले २०५९ सालमा मनाङ जोडियो र अहिले विद्युत्को केन्द्रीय प्रसारण लाइन पुगेपछि जिल्लाको विकास निर्माणले गति लिएकामा उनी खुशी व्यक्त गर्छन्।

साबिकको लघु जलविद्युत्को भोल्टेज कम हुने कारण समस्यामा परेका अस्पताल, सामुदायिक विद्यालय, सरकारी कार्यालय मात्र होइन, उद्योगी व्यापारी समेत यो प्रसारण लाइन आएसँगै लाभान्वित हुने भएका छन्। लघु जलविद्युत्का कारण सरकारी कार्यालय, वित्तीय सङ्घसस्थाले दैनिक कामकाजमा हैरानी खेप्नु परेको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद लामिछानेले बताए। अब सेवाग्राहीलाई प्रभावकारी सेवा प्रदान गर्न ३३ केभीको केन्द्रीय प्रशारण लाइन फलदायी हुने उनको भनाइ छ।

लघुजलविद्युत्मा मागअनुसार विद्युतीय प्रवाह हुन नसक्दा आवश्यक उपकरणको प्रयोग गर्न कठिन भएको मनाङ एग्रो प्रालिका सञ्चालक समराज गुरुङले बताए। उन अब केन्द्रीय प्रशारण जडानपछि आफ्नो उद्योग सञ्चालनमा आउने उनको भनाइ छ। उनका अनुसार यस कम्पनीबाट उत्पादन हुँदै आएका स्याउ भण्डारणदेखि बेमौसममा उपायोग गर्नका लागि भएका उपकरण सञ्चालनमा आउन सकेका थिएनन्। अब यस उद्योग पूर्ण क्षमतामा सञ्चालन हुनेमा उन विश्वस्त छन्। यस्तै पर्यटन व्यवसायीले समेत आवश्यक मात्रामा विद्युत् आपूर्ति नभएका कारण पर्यटकका सामान्य आवश्यकता समेत पूरा गर्न कठिन भएको अवस्थामा केन्द्रीय प्रशारण लाइन जोडिएसँगै अबका दिनमा सबै समस्याको समाधान हुने बताएका छन्। विद्युत्को लोड नपुग्दा सामान्य कफी मेसिन समेत सञ्चालन गर्न नसकेर दाउराको भरमा काम चलाउनु परेको दुखेसो होटल व्यवसायीको थियो। "पर्यटक आउँछन् मोबाइल, ल्यापटप, क्यामेरा चार्ज गर्न खोज्छन्, सो अनुसारको सेवा दिन नसक्दा निकै समस्या थियो", चामेका होटल व्यवसायी सेती गुरुङ भन्नुहुन्छ, "केन्द्रीय प्रसाण लाइन जोडिएसँगै हिटर, अकपडा धुने मेसिन, गिजरलगायतका विद्युतीय उपकरण सञ्चालनमा आएको छ। यसले पर्यटकलाई सेवा दिन सहज भएको छ।"

अहिले नेपाल विद्युत प्राधिकरण मनाङ वितरण केन्द्रले सदरमुकाम चामेमा धमाधम मिटर वितरणसँगै मिटर जडानको काम थालेको छ। सरकारी कार्यालय, अस्पताल, विद्यालय र गाउँपालिकाका कार्यालयलगायत औद्योगिक क्षेत्रमा मिटर जडान भइसकेको वितरण केन्द्रले जनाएको छ। हाल यस केन्द्रले जिल्ला सदरमुकामसम्म प्रशारण लाइन जडान गरिसकेको छ भने माथिल्लो मनाङ, खाङ्सार, तिलिचो बेसक्याम्प र थारोङ्ला हाइक्याम्पसम्म पोल गाड्ने काम पूरा भएको छ। वितरण केन्द्रका अनुसार यो वर्ष जिल्लाका अन्य भागमा समेत विद्युत् प्रशारण गरिने छ। रासस

पासपोर्ट हराएको सूचना

मिति २०७७/११/०५ गते सामाखुसी चोकदेखि महाराजगञ्ज जाने क्रममा मेरो निम्न लिखित व्यहोरा भएको पासपोर्ट हराएको हुँदा पाउनु हुने व्यक्तिले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन बिनम्र अनुरोध गर्दछु।

Name: Bir Bahadur Tamang
Passport No.: 05796156
Address: Bageshwori-07, Nuwakot, Nepal
Tel.: 9851052899

कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/११/१८)

यस कम्पनीको मिति २०७७/१०/२७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनीको नाम **ट्राभल प्लानेट प्रा.लि. (प्रा.लि. नं. १६५७३५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिनु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/११/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **क्यारोट होलिडेज प्रा.लि. (प्रा.लि. नं. २५०२९३)** कायम गर्न तथा काठमाडौं जिल्ला, काठमाडौं मा.न.पा.-२ मा रहेको रजिष्टर्डको कार्यालयको ठेगाना स्थान्तरण गरी काठमाडौं जिल्ला का.म.न.पा.-१० मा राख्न स्वीकृती प्रदान गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

कम्पनीको नाम परिवर्तन भएको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७७/११/१८)

यस कम्पनीको मिती २०७७/१०/२७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी मेडिपेडिया नेपाल प्रा. लि. (Medipedia Nepal Pvt. Ltd.) नाम परिवर्तन गरि डि. आर. ट्रेड लिङ प्रा. लि. (D.R Trade Link Pvt. Ltd.) बनाउने र कम्पनीको चल अचल सम्पति ऋण, धन र दायित्व परिवर्तित नामको कम्पनी ले सकार्ने व्यहोर्ने निर्णय गरि नाम परिवर्तन गर्ने स्विकृति पाउँ भनि नाम परिवर्तनको अभिलेख राख्न निवेदन गरिएकोमा कम्पनी रजिष्ट्रारको कार्यालयले नाम परिवर्तन गरि डि. आर. ट्रेड लिङ प्रा. लि. (D.R Trade Link Pvt. Ltd.) भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति: २०७७।११।१८

भूमे गाउँपालिका भित्र विभिन्न सडक तथा तटबन्धन निर्माण गर्नुपर्ने भएकोले नियमानुसार इजाजत प्राप्त इच्छुक फर्म तथा निर्माण सेवा कम्पनीहरुबाट निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ।

१. सिलबन्दी दरभाउपत्र दाखिला गर्दा फर्म सञ्चालकको नेपाली ना.प्र.प., मू.अ.क. दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ सम्मको करचुक्ता प्रमाणपत्र, नवीकरण इजाजत पत्र र आय कर दर्ता प्रमाणपत्रको १/१ प्रति नोटरी प्रमाणित प्रतिलिपी, कारोबार गर्न अयोग्य नभएको र कालो सूचीमा नपरेको स्वघोषणा अनिवार्य पेश गर्नुपर्नेछ ।

२. दरभाउपत्र फाराम वापत नगदै रु. १,०००/- (फिर्ता नहुने गरी) तिरी कार्यालयबाट मिति २०७७।१२।०३ गते कार्यालय समयभित्र खरिद गर्न सकिनेछ । खरिद गरिएका सिलबन्दी दरभाउपत्रहरु २०७७।१२।०४ गते दिनको १२:०० बजेभित्र कार्यालयमा दर्ता गरिसक्नुपर्ने छ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको ३:०० बजे कार्यालयमा खोलिनेछ । रीतपूर्वक पेश नभएका, म्याद नाघी आएका वा शर्त राखिएका दरभाउपत्रमाथि कुनै कारवाही गरिने छैन । दरभाउपत्रदाता प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मितिदेखि ४५ दिनको हुनेछ । दरभाउपत्रसाथ क वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ७५ दिन म्याद भएको दरभाउपत्र जमानत (Bid Security) पेश गर्नुपर्नेछ वा दरभाउपत्र जमानत नगदै सिटिजन्स बैंक इन्टरनेशनल लि. भूमे शाखास्थित यस कार्यालयको नाममा रहेको बैंक खाता: ग ३ भूमे गा.पा. धरौटी खाता, बैंक खाता नं. ०७८०१०००००३०२०१ पनि जम्मा गर्न सकिनेछ ।

४. दरभाउपत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट हुनेछ । यसो भए तापनि दरभाउपत्र जमानत र दरभाउपत्रको मान्य अवधि माथि उल्लेखित नै हुनेछ ।

५. दरभाउपत्र स्वीकृत गर्ने, आशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

६. यस सूचनामा उल्लेख नभएको सम्बन्धमा प्रचलित नियम कानून बमोजिम हुनेछ। थप जानकारीको लागि यस कार्यालयमावा ९८१३८५७८०४ वा ९८२४५९३४५६ मा सम्पर्क राख्न सकिनेछ ।

दरभाउपत्र.नं.	विवरण	अनुमानित ल.इ. रकम (भ्याट समेत)	धरौटी रकम
BRMO /SQ/W-07/2077-78	गैरीगाउँ-बुढागाउँ-गहुँकम्द सडक निर्माण	९,९९,६४०.९४।-	२५,०००।-
BRMO /SQ/W-08/2077-78	लाखरखोला डाँडागाउँ सिमचौर सडक निर्माण	१७,९५,६९९.४५।-	४५,०००।-
BRMO /SQ/W-09/2077-78	खाबाङबगर टतबन्धन निर्माण	९,९४,९३६.३०।-	२५,०००।-

प्रमुख प्रशासकीय अधिकृत